# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ४ | संख्या ६ | मिति २०७७।१०।२० |

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

### संवत २०७७ सालको कार्यविधि/मापदण्ड संख्या ६

## विहादी गाउँपालिका वाट कृषि मेशिनरी सामान ५० प्रतिशत अनुदानमा वितरण गर्ने मापदण्ड - २०७७

## विहादी गाउँपालिका वाट कृषि मेशिनरी सामान ५० प्रतिशत अनुदानमा वितरण गर्ने मापदण्ड - २०७७

**पस्तावना :** वढ्दो जनसंख्या र विलासी जिवनको लहलहैका कारण परम्परागत रुपमा गर्दै आईरहेको प्रविधि हाल नेपालमा लापोन्मुख अवस्थामा रहेको छ । नेपालमा परम्परागत शैलिवाट हुदै र गर्दै आईरहेको प्रविधीले नेपालको जनसंख्यालाई ५० प्रतिशत खाद्यान्न पनि पूर्ती गर्न नसकेको तथ्य विदितै छ । विद्यमान अवस्थामा भने कृषिमा विविध प्रविधिको खोज र अनुसन्धानको विकास भएसंगै नयाँ नयाँ प्रविधिको प्रयोग गर्ने कृषकहरुको संख्या बृद्धि भएको छ। सोहिअनुसार यस विहादी गाउँपालिकामा पनि कृषकहरुको माग र चाहनालाई मध्यनजर गर्दै कृषि औजार खरिद अन्तर्गत मिनिटिलर र कुटानिपिसानी मिल (कम्वाईन मिल) आदि खरिद गर्नको लागि देहाय वमोजिमको मापदण्ड वनाई लागु गरिएको छ ।

### परिच्छेद १

**क <u>संक्षिप्त नाम र प्रारम्भ :१</u>** यस मापदण्डको नाम कुटानिपिसानी तथा मिनिटिलर खरिद तथा वितरण २०७७ रहने छ ।

**२** यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**ख <u>परिभाषा</u>** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा

१. अनुदान भन्नाले विहादी गाउँपालिकाले कृषकहरुलाई उपलव्ध गराउने अनुदान रकम सम्झनु पर्दछ ।
२. कार्यक्रम भन्नाले कृषि मेसिनरी (मिनिटिलर तथा कुटानिपिसानी) आदि खरिद तथा वितरण भन्ने सम्झनुपर्दछ ।
३. अनुदानग्राहि भन्नाले अनुदान प्राप्त गर्ने कृषक, फर्म ,समुह वा सहकारी सम्झनु पर्दछ ।
४. कार्यालय भन्नाले विहादी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।
५. कृषि भन्नाले खेतिपाती, मौरिपालन,च्याउ तथा कृषि संग सम्वन्धित (**खेत देखि पेट सम्मका**) सम्पुर्ण क्रियाकलाप सम्झनु पर्दछ ।

### परिच्छेद २

**ग उदेश्य : यस कार्यक्रम अन्तर्गत निम्न उदेश्यहरु हासिल हुनेछन् ।**

१. तत्काल अत्यावश्यक रहेको कृषिजन्य उत्पादनमा वृद्धि ल्याउने
२. परम्परागत रुपमा रहदै आईरहेको गोरुको अभाव पुर्ति गर्ने
३. भौगोलिक विकटताको कारण ठुला ट्याक्टरको प्रयोग असम्भव भएको ठाउँहरुमा मिनिटिलर उपलब्ध गराउर्ने
४. वैदेशिक रोजगार वाट फर्किएका धेरै क्षेत्रफलमा खेति गर्ने तथा मिनिटिर मार्फत खेति गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने ।
५. ब्यवसायिक रुपमा खेति गर्ने कृषकहरुलाई मुख्य प्राथमिकता दिने
६. भौगोलिक क्षेत्र अनुसार तथा हाल सम्न पनि कुनै कुटानिपिसानी मिल नभएको टोलमा मिल उपलब्ध गराउने

७. अन्य फिल्डमा गई आएआर्जन गर्न नसक्ने कृषक तथा कृषिलाई नै व्यवसायीक वनाई आम्दानि गर्न तथा आ-आफ्नो टोलमा सेवा प्रवाह गर्ने गरिव तथा निम्न बर्गिय कृषकलाई प्राथमिकता दिने

**घ <u>कार्यक्षेत्र</u>**

विहादी गाउँपालकाको सम्पुर्ण वडाहरुमा यो कार्यक्रम लागुहुने छ ।

**ङ <u>वडा कार्यालयहरुको जिम्मेवारी</u>**

१. कार्यक्रम संचालन गर्न उदेश्यअनुसारको कृषक छनोट गर्ने
२. वितरण तथा संचालनमा सहजिकरण गर्ने
३. कार्यक्रमको उदेश्य हासिल गरे नगरेको जानकारी प्राप्त गर्ने
४. अनुदान प्राप्त कृषकले अन्य छिमेकी कृषकहरुलाई सेवा उपलव्ध गराए / नगराएको निगरानि गर्ने
५. अनुदान प्राप्त कृषकले मेसिनरि चिजको हिनामिना तथा अन्यन्त्र विकिवितरण गरेको नगरेको जानकारी तथा हिनामिना गरेको पाईएमा यस पालिकामा जानकारी गराउने

**च <u>कृषक छनोट :</u>** गाउँपालिका कृषि शाखाले वडाकार्यालय मार्फत सुचना प्रकाशन गरि उद्देश्य तथा आवश्यकता अनुसार कृषक छनोट गर्नेछ । छनोटमा गाउँपालिका प्रमुख, गाउँपालिका उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा प्रशासकीय अधिकृत, लेखा प्रमुख, वडाध्यक्ष र सम्वन्धित शाखाको संयोजक, सहितको निर्णयमा छनोट गर्ने छ ।

**छ <u>कार्यक्रम संचालन प्रकिया :</u> यस कार्यक्रमलाई सहि र उपलव्धिमुलक वनाउन निम्न विधि अपनाइने छ ।**

१. गाउँपालिकाको कृषि मेसिनरी सामान खरिदमा एकरुपता ल्याउन मूल्य व्यवस्थापनको लागि आवश्य स्पेशिफिकेसन सहितको अनुमानित स्टिमेट तयार गरिने छ ।
२. सोहि विवरण अनुसार आपुर्तिकर्ताहरुको लागि १५ दिने सुचना प्रकाशन गरिने छ ।
३. आपुर्तिकर्ताहरुले कागजात पेश गर्दा आपुर्ति गर्न सक्ने यन्त्रको विस्तृत विवरण सहित यस विहादि गा. पा. लाई सम्पर्क गर्नेछन् ।
४. आपुर्तिकर्ताहरुले यस विहादी गाउँपालिकाको कार्यालय सम्म उपलव्ध गराउन सक्ने दर रेट सहित कागजात पेश गर्नेछन ।
५. आपुर्तिकर्ताले पेश गरेको कागजातको आधारमा संम्वन्धित शाखा प्रमुख सहितको मुल्याङकन समितिले योग्य आपुर्तिकर्ता छनोट गर्नेछ ।
६. छनोटमा परेको आपुर्तिकर्ता संग गाउँपालिकाको छनोटमा परेका कृषकहरुलाई सम्पर्क गराई गाउँपालिकाले तोकेको न्युनतम मापदण्ड तथा वढिमा कृषकहरुको माग तथा चाहनाअनुसारको सामान उपलव्ध गराउने छ ।
७. २ वटा कार्यक्रम मार्फतको मिनिटिलर तथा कुटानिपिसानि मिल कृषकले ईच्छाएको मोडल तथा पावर अनुसार खरिद गर्न सक्ने छ ।
८. कृषकले तोकेको फर्म मध्ये जुनसुकै फर्मवाट सामान खरिद गर्न पाउने छ ।

९. कृषकले पुर्ण शुल्क तिरी ल्याउन पाउने छ र सोहि अनुसारको ५० प्रतिशत वा वढिमा पालिकाले उपलव्ध गराउन सक्ने अनुदान रकम कृषक स्वयंले भुक्तानिको लागि गाउपालिकामा माग गर्नुपर्ने छ र सोहिअनुसार गा.पा.ले भुक्तानि दिन सक्ने छ ।

१०. पुर्ण शुल्क तिर्न नसक्ने कृषकलाई आपुर्तिकर्ता सँग समन्वय गरि केहि कृषकहरुको आपुर्तिकर्ता स्वयं लाई ५० प्रतिशत रकम भुक्तानि दिन सक्ने छ भने ५० प्रतिशत कृषक मार्फत लिनुपर्नेछ ।

११. नियमानुसार खरिद भएको सामान प्राविधिक अनुगमन तथा सिफारिसको आधारमा भुक्तानि हुनेछ ।

**ज <u>खर्च मापदण्ड :</u>**

१. कार्यक्रममा सहभागि हुने प्रति अनुदनग्राहिहरुले खरिद विलको ५०% **मिनिटिलर** को लागि गाउँपालिका मार्फत अनुदान प्राप्त गर्ने छ ।

२. कार्यक्रममा सहभागि हुने प्रति अनुदानग्राहिहरुले खरिद विलको ५०% **कुटानिपिसानी** मिलको लागि गाउँपालिका मार्फत अनुदान प्राप्त गर्ने छ ।

३. अनुदानग्राहिले यो भन्दा पहिले अन्य गाउँपालिका वा खन्य क्षेत्रवाट अनुदान नलिएको प्रमाण तथा सम्वन्धित वडाकार्यालयको सिफारिस सहित पेश गर्नुपर्ने छ ।

## परिच्छेद ३

**<u>कारवाही व्यवस्था</u> :** कार्यालयले तोके वमोजिम तथा नियमानुसार नगर्ने कृषकलाई कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

**<u>वाधा अड्काउ फुकाउ</u> :** कार्यक्रम कार्यान्वयनको क्रम्मा कुनै वाधा वा विवाद उत्पन्न भएमा सोको अन्तिम निर्णय गाउँपालिका कार्यालयले गर्नेछ ।

**<u>प्रचलित कानुन वमोजिम हुने ।</u>** यस कार्यविधिमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन् बमोजिम हुने छ ।

आज्ञाले<br>
ध्रुव दयाल<br>
प्रमुख प्रशासकीय अधिकृत